नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

# आन्तरिक राजस्व कार्यालय पोखराको सूचना

आर्थिक बिधेयक, २०८१ ले गरेको व्यवस्था बमोजिम देहाय अनुसारको छुट सुविधा उपयोग गरी लाभ लिन करदाताई अनुरोध छ ।

**करको दायरामा आउनेलाई छुट दिने सम्बन्धी व्यवस्थाः**

स्थायी लेखा नम्बर नलिइ विगत देखि कारेबार गरेका करदाताले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७८/७९ र २०७९/८० को बुझाउनु पर्ने आय विवरण र सोमा लाग्ने कर २०८१ फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा ब्याज मिनाहा हुने र सो भन्दा अघिका आय वर्षहरुको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज बुझाउनु नपर्ने ।

**आय विवरण बुझाउन बाँकी करदातालाई छुट दिने सम्बन्धी व्यवस्थाः**

आय विवरण बुझाउन बाँकी रहेका करदाताले आ.व. २०७९/०८० सम्मको आय विवरण, आयकर र सोमा लाग्ने व्याजको २५ प्रतिशतले हुने रकम सम्वत् २०८१ साल फागुन मसान्तसम्म बुझाएमा आय विवरणमा लाग्ने शुल्क तथा बाँकी व्याज मिनाहा हुने।

**मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने करदातालाई छुट दिने सम्बन्धी व्यवस्थाः**

२०८० साल असार महिना सम्मको बुझाउन बाँकी मूल्यअभिबृद्धि कर विवरण र मूल्य अभिवृद्धि कर र सोमा लाग्ने ब्याजको ५० प्रतिशतले हुने रकम फागुन मसान्तभित्र बुझाएमा सोमा लाग्ने थप दस्तुर, जरिवाना र बाँकी ब्याज मिनाहा हुने।

छुट सम्बन्धी थप जानकारीका लागि आन्तरिक राजस्व कार्यालय पोखरामा सम्पर्क गर्नुहुन अनुरोध छ।